
# आवेदन फारम भर्ने तरिका


1. प्रोफायल तयार गर्ने तरिका
    a. पोटल खोलेपछि देखिने Application मेन्यूमा क्लिक गर्ने ।
    b. Search Your Profile को तल तर्फ भएको Don't have a profile (Create Profile) मा क्लिक गरी देखिएको फारममा उल्लेख भएको विवरण भर्ने ।




    c. Security Pin मा आफ्नो प्रोफाइल सुरक्षाका लागि ६ अंकको नम्बर टाइप गर्ने ।
    d. सबै विवरण ध्यानपूर्वक भरेर माथि बुँदा नम्बर b मा देखाइएको विवरण प्रोफाइल खोल्नका लागि चाहिने भएकाले सुरक्षित रुपमा नोट गरेर राख्ने ।
    e. पुन Application मेन्यूमा भएको Search Your Profile (माथि बुँदा नं. B मा देखाइएको विवरण हाल्ने स्थानमा गएर आफ्नो प्रोफाइल भर्दा राखिएको तोकिएको विवरण भरेर view profile लेखिएको हरियो बटनमा क्लिक गर्ने) *[तपाईले एकपटक प्रोफाइल बनाएपछि सधैं सोही प्रोफाइलबाट आवेदन दिन सकिने भएकाले यदि अर्को बर्ष समेत आवेदन दिन पर्ने अवस्था आएमा यही प्रोफाइलमा गएर entrance info मात्र थप गरी आवेदन पेश गर्न सकिने भएकाले PIN लगायतका विवरण सुरक्षित साथ नोट गरेर राख्नुहोला]*


2. प्रोफाइलमा डाटा इन्ट्री गर्ने तरिका

a. बनेको प्रोफाइललाई search your profile मा गएर login गरिसकेपछि तल दिएको जस्तो पेज खुल्नेछ ।




b. माथि 2 (a) मा देखिएको सबै सबमेन्यूहरुमा तपाईले आफ्नो डाटा हाल्नुपर्नेछ ।

c. Qualification मा क्लिक गरेर Add Qualification लेखिएको बटनमा क्लिक गरी आफुले अध्ययन गरेको शैक्षिक योग्यता SLC/SEE देखि Master सम्मको इन्ट्री गर्नुहोस ।





d. Save Qualification गर्नुपुर्व आफुले अपलोड गरेको Documents को Preview हेर्नका लागि Preview लेखिएको बटनमा क्लिक गरेर हेर्न सकिनेछ ।


e. विवरण भरीसकेपछि Save Qualification मा क्लिक गरेर आफ्नो डाटा सेभ गर्नुपर्नेछ । यसरी सबै Qualification हालिसकेपछि तपाइले राखेको Qualification को विवरण Qualification मा क्लिक गरेर हेर्न सकिनेछ ।

f. Identification मा क्लिक गरेर आफ्नो नागरिकता वा Passport को विवरण राख्नुपर्ने छ ।

g. विवरण प्रविष्टीका लागि Add Identification मा क्लिक गरेर देखिएको फारममा भएको विवरण ध्यानपूर्वक भरी Save Identification मा क्लिक गरेर सेभ गर्नुपर्नेछ ।





h. Ethnicity मा क्लिक गरेर तपाईले कुन समूहका लागि आवेदन गर्न चाहानुभएको हो त्यस आरक्षण समूहको विवरण राख्नुपर्नेछ । आरक्षण समूहको upload documents मा सो समूह प्रमाणित भएको प्रमाणपत्र अपलोड गर्न अनिवार्य छ ।





i. विवरण भरीसकेपछि Save ethnicity मा क्लिक गरी विवरण सेभ गर्नुपर्नेछ । एकभन्दा बढी समूहमा आवेदन गर्ने भए पुन Add Ethnicity मा क्लिक गरी पालै पालो सबै समूहको कागजात सहितको विवरण राख्नुपर्नेछ ।

j. Entrance Status मा क्लिक गरेर चिकित्सा शिक्षा आयोगले लिएको एकीकृत प्रवेश परीक्षाको सबैभन्दा पछिल्लो बर्षको विवरण ध्यानपूर्वक भर्नुपर्ने छ । यदि विवरण फरक परेमा तपाइको फारम स्वीकृत वा छनौटमा समस्या हुने भएकाले देखिएको फारममा भएका सम्पूर्ण विवरण राम्ररी रुजु गरेर मात्र Save Entrance Info मा क्लिक गरी विवरण सेभ गर्नुहोला । तल देखाइएको फारममा केही विवरणको नमूना देखिएको छ त्यो नमूनामा भएको जस्तै

format मा डाटा हाल्न अनिवार्य छ । MEC ID भन्नाले चिकित्सा शिक्षा आयोगको अनलाइन application मा तपाइले आफ्नो प्रोफाइल खोल्दा माथिल्लो पटी देखिने (जस्तै MEC00000000) आइडी नम्बर हो




k. Application Tab मा क्लिक गर्दा तपाइले यस पूर्व हालेका सबै विवरणको संक्षिप्त विवरण देखा पर्छ । त्यसपछि यदि कुनै कार्यक्रमका लागि प्रदेश सरकारबाट आवेदन माग भएको समय बाँकी रहेको भए तपाइलाई तल देखाइए झै आवेदन दिनका लागि सुविधा हुनेछ तपाईले सूचनामा खोलिएको Scholarship Group र Program छनौट गरेर Submit Application मा क्लिक गरेपछि तपाईको आवेदन फारम पेश हुनेछ । फारम भर्ने समय सकिएपछि तपाईलाई तल देखिइएको 6. Scholarship Program Information मा गएर विवरण छनौट गरी फारम पेश गर्ने सुविधा हुनेछैन त्यसकारण समयमा नै आफ्नो विवरण भरेर फारम पेश गर्नुपर्नेछ । यदि तपाईले एक पटक फारम भरीसकेको भए You have already submited your application. Thank you. भन्ने विवरण देखापर्नेछ ।




l. Check status मा क्लिक गरेर आफ्नो आवेदनको अवस्था हेर्न सकिने छ । साथै कुनै कागजात नपुगेको भएमा Notification लेखिएको तलतिर त्यसको जानकारी फारम रुजुकर्ताले तपाइको प्रोफाइलमा पठाएको हुनेछ । तपाइले आफ्नो यस प्रोफाइल बाहेक अन्य माध्यमबाट फारमको अवस्था जानकारी

पाउने सुविधा नभएकाले सधै आफ्नो प्रोफाइल खोलेर Check Status मा आफ्नो आवेदनको बारेमा केही नपुग सन्देश आएको छ कि हेर्नुपर्नेछ यदि कुनै विवरण सम्पादनको म्यासेज देखिएमा सम्बन्धित विवरणमा गएर तपाइले आफ्नो विवरण सम्पादन गर्नसक्नुहुनेछ । फारम स्वीकृत भएमा तल देखाइएको Status मा Verified भन्ने सन्देश देखिनेछ ।

My Status

Notification

| SN | Program | Scholarship | Status | Remarks |
|---|---|---|---|---|
| 1 | MBBS | Scholarship for BDS (2024) | Under Verification | |

m. अन्य जानकारी सुदूरपश्चिम सरकारको यससँग सम्बन्धित सूचनाहरुमा हेरेर जानकारी लिन सकिनेछ ।

धन्यवाद ।।